# पालुङटार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

पालुङटार, गोरखा
गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः- ०८०/०८१
चलानी नम्बर :

मिति २०८१/०३/१७
ने.सं. ११४४ तछलागा १०, सोमवार

स्थानीय सेवा ( गठन तथा संचालन ) ऐन, २०७९ अनुसार तहबृद्धि सम्बन्धी सूचना ।

सूचना नं. २/०८०/०८१

मिति २०८१/०३/१७

स्थानीय सेवा ( गठन तथा संचालन ) ऐन, २०७९ को दफा २७ बमोजिमको योग्यता पुगी सोही ऐनको दफा ३१ बमोजिम अयोग्य नरहेका यस नगरपालिकामा कार्यरत कर्मचारीहरुले स्थानीय सेवा ( गठन तथ संचालन ) नियमावली २०८० को नियम ४८ मा भएको व्यवस्था बमोजिम सोही नियमावलीको अनुसूची-१५ बमोजिमको फाराम भरी तोकिए बमोजिमका कागजातहरु सहित नगरपालिकाको प्रशासन शाखामा २०८१ आषाढ मसान्त भित्र निवेदन पेश गर्नु हुन अनुरोध गरिन्छ । तोकिएका कागजातहरु तोकिएको समय भित्र पेश नगर्ने कर्मचारीको लागि निवेदनहरु दर्ता नगरिने र त्यस्ता निवेदन उपर कुनै कारवाही नगरिने ब्यहोरा समेत सम्पूर्णमा जानकारी गराइन्छ ।

पूनश्चः साबिक नेपाल स्वास्थ्य सेवाको पदमा नियुक्ति भई समायोजन ऐन बमोजिम यस नगरपालिकामा समायोजन भएका स्वास्थ्य सेवाका कर्मचारीहरुको हकमा भने नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९(१) बमोजिमका प्रावधानहरुका आधारमा सोही ऐनको दफा ९(क) बमोजिम अयोग्य नरहेका कर्मचारीहरुले स्वास्थ्य सेवा बिभागले तोके बमोजिमका कागजातहरु समेत पेश गर्नुपर्नेछ ।

गौतम भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

Website: www.palungtarmun.gov.np, E-mail: palungtarmun@gmail.com
टोल फ्रि नं. १६६०६४४२००२
फोन नं. ०६४-४०००५३, ४०००९२, ४००००२